# प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपाली भाषा बाहेक प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने तामाङ भाषा र नेपाल भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँचलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता कायम गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन बागमती प्रदेशभित्र लागू हुनेछ।

(३) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्य भाषा" भन्नाले नेपाली भाषा बाहेक बागमती प्रदेशभित्र बोलिने तामाङ र नेपाल भाषा समेतलाई जनाउँछ ।

(ख) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समूह वा समुदायले पुस्तागत निरन्तरताको रूपमा बोल्ने र प्रयोग गर्ने भाषालाई जनाउँछ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(घ) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरूपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(ङ) "सरकारी कामकाजको भाषा" भन्नाले बागमती प्रदेश सरकारको कार्यालयहरूमा लिखित वा मौखिक रूपमा प्रयोग हुने भाषालाई जनाउँछ।

(च) "सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र" भन्नाले बागमती प्रदेश अन्तर्गतका सरकारी वा सार्वजनिक निकायहरू र तत् तत् निकायबाट प्रवाह गर्ने सेवा सुविधा समेतलाई जनाउँछ।

(छ) "प्रदेश सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानले तोकेको अधिकार क्षेत्रलाई सम्झनु पर्दछ।

## परिच्छेद- २

## सरकारी कामकाजमा प्रयोग हुने भाषा सम्बन्धी व्यवस्था

३. **प्रदेश सरकारको अधिकार क्षेत्रमा सरकारी कामकाजको भाषाको प्रयोगः** (१) प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठान लगायतमा सरकारी कामकाजको मान्यता प्राप्त भाषालाई प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तामाङ भाषा र नेपाल भाषा समेतलाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सकिनेछ।

(३) प्रदेश सरकारले प्रदेश सभामा विधेयक पेस गर्दा सरकारी कामकाजका भाषाहरूमा समेत अनुवादित प्रति पेश गर्न सक्नेछ ।

४. **सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरणः** (१) सबै सरकारी काम कारबाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू अन्य भाषामा समेत दस्तावेजीकरण र अभिलेखीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गर्ने वा प्राप्त गर्न सकिनेछ।

(३) प्रदेशभित्रका कार्यालयहरूमा सेवाग्राहीले सरकारी कामकाजको भाषामा पेश गर्ने निवेदन, प्रमाण, कागजात लगायतका सम्बन्धित दस्तावेजहरूको सोही भाषामा समेत दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ।

५. **अन्य भाषामा प्रकाशन गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्र प्रकाशन गर्दा नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषामा पनि गर्न सक्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले पत्राचार र सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्दा कागजातको शीर्ष भागमा नाम, शीर्षक र मिति तामाङ भाषा र नेपाल भाषा समेतमा लेख्न सक्नेछ।

## परिच्छेद- ३

## अन्य भाषा प्रयोगमा निषेध गर्न नहुने व्यवस्था

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुने** (१) सरकारी कामकाजको भाषाको रूपमा बागमती प्रदेशभित्रका मातृभाषा प्रयोग हुने सरकारी, सार्वजनिक र निजी कार्यालयहरूमा अन्य भाषा प्रयोग गरेको आधारमा विभेद र अपमानजन्य व्यवहार गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम भाषिक विभेद भएमा तत्काल कारबाहीका लागि पीडित पक्षले उजुरी गर्न सक्नेछ।

७. **अन्य भाषा प्रयोगमा निषेध गर्न नहुने:** (१) सरकारी तथा सार्वजनिक निकायको कार्यक्षेत्र तथा संगठित संस्था, समुदाय र सार्वजनिक स्थानमा अन्य भाषा प्रयोग गर्न निषेध गर्न नहुने।

(२) उपदफा (१) बमोजिम सरकारी तथा सार्वजनिक पद धारण गरेको व्यक्ति वा पदाधिकारीले अन्य भाषा प्रयोग गर्न निषेध गरेमा तोकिए बमोजिम दण्ड जरिबाना गरिनेछ।

## परिच्छेद- ४

## भाषाको संरक्षण, विकास तथा मानकीकरण सम्बन्धी व्यवस्था

८. **सरकारी कामकाजको भाषाको संरक्षण गर्नुपर्ने**: सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार तथा प्रदेश सरकारका निकाय, निजी संघ संस्थाहरू वा कानूनी व्यक्तिहरूले सरकारी कामकाजको भाषाको संरक्षण, प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्नेछन् ।

९. **शिक्षा मार्फत सरकारी कामकाजको भाषाको विकास गर्ने:** (१) तामाङ भाषा र नेपाल भाषा लगायतका भाषालाई प्रदेश विश्वविद्यालय, उच्च शिक्षा एवम् शिक्षण संस्थाहरूमा स्नातकोत्तर तह र विद्यावारिधि तहसम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको तहहरूमा प्रकाशन हुने, अध्ययन अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरूलाई अन्य भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्न सकिनेछ।

१०. **भाषाको अध्ययन, अनुसन्धान र मानकीकरण गर्ने:** प्रदेश सरकारले अन्य भाषालाई सरकारी कामकाजको भाषामा विकास गर्नको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ र भाषाको मानकीकरण गरी प्रयोग गर्न गराउन सक्नेछ।

११. **सरकारी भाषा सम्बन्धी कम्प्युटर सफ्टवेयर प्रोग्रामको व्यवस्था गर्ने:** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण वा स्तरीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन

कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवाद सम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था सम्बन्धित कार्यालयहरुले गर्नु पर्नेछ।

## परिच्छेद- ५

## <u>विविध</u>

१२. **<u>सरकारी कामकाजमा अन्य भाषा प्रयोग गरेको प्रगति प्रतिवेदन सार्वजनिक गर्नेः</u>** (१) यस ऐन अनुसार कामकाजको भाषा प्रयोग गर्ने प्रदेश सरकारी निकाय, सार्वजनिक तथा निजी संघसंस्था लगायतले सरकारी भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रगति प्रतिवेदन सार्वजनिक समेत गर्नु पर्नेछ।

१३. **<u>विज्ञ समूह गठन गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषाका विज्ञहरू रहेको समूह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समूहले अन्य भाषा सम्बन्धमा प्रदेश सरकारलाई देहाय बमोजिमको सहयोग लिन सक्नेछ।

(क) भाषाको सम्बन्धमा बागमती प्रदेश सरकारलाई आवश्यक सुझाव र परामर्श दिन सक्ने,

(ख) प्रदेशका भाषाहरूको सरकारी कामकाजमा प्रयोग विस्तार गर्न आवश्यक अध्ययन, अनुसन्धान, मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषाहरूको स्तरवृद्धि गर्न आवश्यक सुझावहरू,

(घ) प्रदेशमा प्रचलित लिपिहरूको संरक्षण, सम्वर्द्धन र विकास गर्न सहयोग गर्ने,

(ङ) प्रदेशका भाषाहरूको अध्ययन तथा अनुसन्धान गरी सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरू तयार गर्ने एवम् त्यस्ता कृतिहरू प्रकाशमा सहयोग गर्ने,

(च) उपयुक्त ग्रन्थहरू अन्य भाषाहरूमा अनुवाद गर्ने गराउने,

(छ) प्रदेशका भाषाहरूको परिचयात्मक ग्रन्थ, सन्दर्भग्रन्थ र विस्तृत भाषा सर्वेक्षण गरी सम्पादन तथा प्रकाशन गर्न सहयोग गर्ने,

(ज) भाषा विषयमा योगदान दिने भाषिक संस्थाहरूको विकासमा योगदान पुऱ्याउने,

(झ) भाषा सम्बन्धी कुनै विषयमा विज्ञ सुझाव दिने,

(३) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी संघसंस्थाहरूसँग समन्वय गरी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

१४. **स्थानीय तहले भाषाको प्रयोग गर्न सक्ने**: बागमती प्रदेशभित्रका स्थानीय तहले यस ऐन बमोजिम सरकारी कामकाजमा अन्य भाषाको प्रयोग गर्न तथा भाषाको संरक्षण, विकास र प्रवर्द्धनका लागि आवश्यक कार्य गर्न सक्नेछन्।

१५. **नागरिक वडापत्रः** सरकारी तथा सार्वजनिक निकायहरूले यस ऐन बमोजिमको सरकारी कामकाजको भाषा प्रयोग वारे सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा सार्वजनिक सूचना वा जानकारी बोर्ड राख्नु पर्नेछ।

१६. **भाषाको पुनरावलोकनः** सरकारी कार्यालयहरूमा अन्य भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारीता सम्बन्धी अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक पाँच वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।

१७. **नियम बनाउने अधिकार**ः यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।